# लिखु तामाकोशी गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ४ संख्याः १४ मितिः २०७७\०६\१९

भाग–२

## लिखु तामाकोशी गाउँपालिका

## लिखु तामाकोशी गाउँपालिका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७७

कार्यपालिकावाट पारित मिति २०७७।०६।१९ गते
प्रमाणिकरण मिति २०७७।०६।१९ गते

**१. परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न लिखु तामाकोशी गाउँपालिका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७७ जारी गरिएको छ।

**२. परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन्।

**३. उद्देश्य :**

**क.** लिखु तामाकोशी गाउँपालिकाभित्र रहेका ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने।

**ख.** नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

**ग.** प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

**४. लक्षित वर्ग :**

१. ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

**५. ज्येष्ठ नागरिकको वर्गीकरण :**

१. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को उपनियम (१) बमोजिम जेष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएको छ :

क) सत्तरी वर्ष उमेर पूरा नगरेका ज्येष्ठ नागरिक,

ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

ग) असहाय ज्येष्ठ नागरिक,

घ) अशक्त ज्येष्ठ नागरिक,

ङ) एकल ज्येष्ठ नागरिक।

**६. परिचय-पत्र वितरणका मापदण्ड :**

**१.** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिने छ।

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा:**

१. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको

अनुसूची १ बमोजिमको हुने छ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुने छ ।

**८. परिचय-पत्र वितरण प्रक्रिया :**

१) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्वन्धित वडा कार्यालय मार्फत लिखु तामाकोशी गाउँपालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्ने छ ।

२) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्ने छ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिने छ ।

३) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी लिखु तामाकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी हुनेछ ।

४) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको ढाँचामा सफ्टवेयर प्रयोगमा नआउदासम्म अनुसूची २ को ढाँचामा राख्नु पर्ने छ ।

५) उपदफा ४ वमोजिम वाहेक सफ्टवयर वनीसकेपछि अनुसूची ३ को ढाँचामा सफ्टवरयरमा लगत राख्नु पर्ने छ ।

६) उपदफा ४ र ५ वमोजिम लगत राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्ने छ ।

७) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडा कार्यालयको सिफारिस सहित लिखु तामाकोशी गाउँपालिकाको कार्यालयमा निवेदन पेस गर्नुपर्ने छ ।

**९. विविध :**

१) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित लिखु तामाकोशी गाउँपालिकाले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने छ ।

## अनुसूची १

## निर्देशिकाको दफा ७ को उपदफा (१) सँग सम्बन्धित

## ज्येष्ठ नागरिक परिचय-पत्र

| |
|---|
| **अटो साइजको फोटो** |

प.प. नं :-

नाम थरः ...........................................

ना.प्र.प.न.: ..........

ठेगानाः जिल्ला ........................गा.पा.: ...........................

वडा नं.: ............ टोल/गाउँ .........

उमेरः ........... लिङ्गः ...........

उपलब्ध छुट तथा सुविधाहरु : ..................................

पति/पत्नीको नाम : .......................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ........................................................

संरक्षकको नाम, थर, सर्म्पक ठेगाना, मोवाइल नं. :

...............................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम

.............................................................................................................

प्रमाणित गर्ने अधिकारीको :-
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

अनुसूची-२

## निर्देशिकाको दफा ८ को उपदफा (४) सँग सम्बन्धित

## जेष्ठ नागरिकको लगत किताव

| सि.नं. | दर्ता मिति | परिचय पत्र नं. | जेष्ठ नागरिकको नाम, थर | स्थायी ठेगाना | ना.प्र.प.नं. | उमेर/जन्म मिति | लिङ्ग | पति/पत्निको नाम थर | संरक्षक | दस्तखत | फोटा | प्रमाणित गर्ने अधिकृत वा अधिकारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |

## अनुसूची-२

**( निर्देशिकाको दफा ८ को उपदफा (४) सँग सम्बन्धित )**

## ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख

ज्येष्ठ नागरिकको ब्यक्तिगत विवरण

क) ज्येष्ठ नागरिकको नाम, थर :

ख) बाबु तथा आमाको नाम :

ग) बाजे तथा बज्यैको नाम :

घ) जन्म मिति र स्थान :

ङ) ठेगाना :

अ) स्थायी ठेगाना : जिल्ला.......... लिखु तामाकोशी गा.पा. ...........वडा नं. ........टोल/गाउँ........ फोन.................. इमेल: .......................

आ) अस्थायी ठेगाना : .............

च) लिङ्ग:

छ) स्वास्थ्य सम्बन्धी विवरण ( कुनै बिशेष रोग,शारीरिक अपाङ्गता वा कुनै दिर्घ रोग भए खुलाउने )

ज) नागरिकता:

१. ज्येष्ठ नागरिकको परिवार सम्बन्धी विवरण :

क)सगोलको छोरा, बुहारी , छोरी, नाति, नातिनीको,-

अ) नाम, थर र ठेगाना :

आ) सम्पति तथा आयस्ता सम्बन्धी विवरण :

ख)छुट्टीई भिन्न बसेको छोरा, बुहारी, छोरी नाति, नातिनीको,-

अ) नाम, थर र ठेगाना :

आ) सम्पति तथा आयस्ता सम्बन्धी विवरण :

ग ) हकवाला सम्बन्धी विवरण :

| क्र.स. | नाम,थर | उमेर | नाता | व्यवसाय | ठेगाना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

घ ) अन्य पारिवारिक पृष्ठभूमि:

३.ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता:

क)शैक्षिक योग्यता:

ख) पेशागत दक्षता:

ग) अनुभवको क्षेत्र:

४. ज्येष्ठ नागरिकको सम्पति विवरण :

क) चल सम्पति:

ख) अचल सम्पति:

प्रमाणित गर्नेको,-

नाम, थर :

पद :

निकाय:

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०७७/०६/१९ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

(धनेन्द्र भुजेल)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७७/०६/१९